मिति:-२०८०/०१/१२ का.पा. बैठक संख्या :- २२

<u>प्रस्तावहरु:-</u>

१.फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

२. विविध ।

<u>निर्णयहरु:-</u>

१. <u>फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।</u>

यस गाउँपालिकाको मिति २०७९/०४/०१ मा सफिना सेनेटरी सँग भएको फोहोर मैला व्यवस्थापन सम्बन्धी सम्झौता बमोजिम उक्त संस्थाले विगत ३ महिना देखि फोहोर व्यवस्थापन सम्बन्धी काम गर्न नसकेकाले मिति २०७९/१०/०१ देखि लागु हुने गरि उक्त संस्थासँग सम्झौता रद्ध गर्ने ।

२. <u>विविध</u> ।

नगर प्रहरी नियमावली, २०७४ मा तपशिल बमोजिम प्रथम पटक संशोधन गर्ने ।

| क्र.सं. | दफा | हाल रहेको व्यवस्था | संशोधन पछि कायम हुने व्यवस्था |
|---|---|---|---|
| १ | ३ | क. गाउँपालिका नगर प्रहरी राजपत्र अनङ्कित श्रेणी सरह हुनेछ।<br>ख. गाउँपालिका नगर प्रहरीको श्रेणी र पद देहाय अनुसार हुनेछ ।<br>(१)वरिष्ठ गाउँपालिका नगर प्रहरी – राजपत्र अनङ्कित चतुर्थ श्रेणी<br>(२)गाउँपालिका नगर प्रहरी – श्रेणी विहिन | क. गाउँपालिका नगर प्रहरी राजपत्र अनङ्कित श्रेणी सरह हुनेछ।<br>ख. गाउँपालिका नगर प्रहरीको श्रेणी र पद देहाय अनुसार हुनेछ ।<br>(१) नगर प्रहरी सहायक निरिक्षक – राजपत्र अनङ्कित द्वितीय श्रेणी<br>(२) नगर प्रहरी जवान– राजपत्र अनङ्कित चतुर्थ श्रेणी |
| २ | १८ | घर विदा -१२<br>भैपरि विदा -६<br>विरामी विदा -६ | घर विदा -१२ |
| ३ | २२ | क. गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) गाउँकार्यपालिकाले तोके वमोजिम हुनेछ ।<br>ख. उपनियम (क) वमोजिम पोशाकको व्यवस्था गर्दा नेपालको संविधानको प्रतिकुल हुने खालको पोशाकको व्यवस्था | क. गाउँकार्यपालिकाले नगर प्रहरीलाई पोशाक उपलब्ध गराउनेछ र त्यस्तो पोशाक गाउँकार्यपालिकाले तोके वमोजिम हुनेछ ।<br>ख. उपनियम (क) वमोजिम पोशाकको व्यवस्था गर्दा नेपालको संविधानको प्रतिकुल हुने खालको पोशाकको |

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष

विपिन क्षेत्री
प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | गर्न पाईने छैन ।<br>ग. गाउँपालिकाको कार्यालयले पोशाक खर्च वापत गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) लाई रकम उपलब्ध गराउनेछ । | व्यवस्था गर्न पाईने छैन ।<br>ग. यसरी पोशाक सुविधा दिदाँ के कति समयको अन्तरालमा के कति रकम सम्मको पोशाक प्रदान गर्ने हो, सो समेतको निर्णय हुन पर्नेछ ।<br>घ. पोशाकको रंग, किसिम, ड्रेस कोड र अन्य विषयमा गाउँपालिका अध्यक्ष सँग राय लिई प्र.प्र.अ.ले तोक्नेछन् ।<br>ङ. नगर प्रहरी कर्मचारीलाई यो दफा वमोजिम पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दररेट वमोजिम सिलाई ज्याला र तोकिए वमोजिमको पोशाक खरिद रकम समेत एकमुष्ठ उपलब्ध गराईनेछ ।<br>च. यस दफा वमोजिम तोकिए वमोजिमको पोशाक प्राप्त गर्ने प्रहरी कर्मचारीले अनिवार्य रुपमा त्यस्तो पोशाक लगाउनु पर्नेछ । |

अनुसूची -२ मा तपशिल वमोजिम संशोधन गर्ने ।

प्रकरण (क) मा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) व्यवस्था भएकोमा १८ वर्ष पूरा भई २३ वर्ष ननाघेको ।

प्रकरण (ख) ३. मा कम्तीमा एस.एल.सि. परीक्षा उत्तीर्ण भएकोमा कम्तीमा प्रविणता प्रमाण-पत्र उतीर्ण गरेको ।

प्रकरण (ख) ६. मा प्रहरी वा सुरक्षा सेवामा घटिमा ५ वर्ष अनुभव भएकोमा प्रहरी वा सुरक्षा सेवाबाट सेवा निवृत्त भएको ।

प्रकरण (ख) ७. मा प्रकरण 'क' मा तोकिए वमोजिमका अन्य व्यवस्था भएको भन्ने व्यवस्था थप गर्ने।

मन्जित कुमार यादव (सोनु)
अध्यक्ष

विपिन क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत